सभाबाट पारित मिति : २०७६।०३।३०

प्रमाणीकरण मिति : २०७६।०३।०८

# यशोधरा गाउँपालिकाको विनेयोजन ऐन, २०७६

यशोधरागाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बैदौली,कपिलवस्तु

२०७६

# <u>गाउपालिका विनियोजन ऐन, २०७६</u>

# <u>यशोधरा गाउँपालिकाको विनियोजन ऐन</u>

**यशोधरा गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७६/०३/३० गते

**<u>प्रस्तावनाः</u>** यशोधरा गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम यशोधरागाउँ सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्तनामर प्रारम्भः</u> (१)**यस ऐनको नाम " यशोधरा गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार</u>**: (१)आर्थिकवर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४०६२५५०००.०० (अक्षेरुपी चालीस करोड बासठी लाख पचपन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त यशोधरा गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवाभुक्तानी खर्च र व्याजभुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तियव्यवस्थापन** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका तर्फ | ५७६६५०००.०० | १४२३३९६००।०० | २०००००।०० | |
| २ | | वडा समिति | २४५०४००.०० | ५८४००००००.०० | | |
| ३ | | बिषयगतशाखा | १३६२०००००.०० | ९००००००.०० | | ४०६२५५०००.०० |